मिति २०८०/८/२६ गतेको ६५ औ सचिव वैठकको निर्णय

**निर्णयहरु:**

१. मिति २०८० मंसिर २७ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजना हुने प्रदेश सरकारको चालु आ.व. को हालसम्मको प्रगति समीक्षा वैठकको बारेमा जानकारी गरियो। उक्त कार्यक्रमलाई सफलताका साथ सम्पन्न गर्न सबै मन्त्रालयले आवश्यक सहयोग र समन्वय गर्ने।

२. माननीय मुख्यमन्त्री कमल बहादुर शाहज्यूको नेतृत्वमा प्रदेश सरकार गठन भएको १ वर्ष अवधिमा भएका मुख्य मुख्य प्रगति/कृयाकलापहरु सहितको प्रदेश सरकारको १ वर्षे प्रगति विवरण सार्वजनिक गर्ने कार्यक्रम रहेको हुँदा सम्बन्धित सबै मन्त्रालय/निकाय/सचिवालयले क्षेत्रगत रुपमा सरकार गठन पश्चात भएका मुख्य उपलब्धि एवं प्रगति सहितको विवरण माग भएका बखत उपलब्ध गराउने गरी तयार पारी राख्ने ।

३. मन्त्रालयहरुले आ-आफ्नो क्षेत्रसँग सम्बन्धित विषयहरुमा नयाँ तर्जुमा गर्नुपर्ने वा संशोधन गर्नुपर्ने कानूनहरुको सूची यथाशीघ्र तयार गरी पेश गर्ने ।